# अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७४

कार्यपालिका वाट प्रमाणिकरण भएको मिति : २०७४।०९।०५

## छथर जोरपाटी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### पशु सेवा शाखा

जोरपाटी, धनकुटा, १ नं. प्रदेश, नेपाल

**अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४**

पृष्ठभुमी :

नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयले १ वर्ष भित्रमा अण्डामा नेपाल आत्मनिर्भर हुने छ भनी प्रतिबद्धता जाहेर गरेको छ । हाल नेपालमा वार्षिक करिब कुखुराको संख्या ४ करोड ८० लाख ७९ हजार मध्ये अण्डा दिने कुखुरा ८३ लाख ५० हजार रहेको सो बाट वार्षिक ९० करोड अण्डा उत्पादन हुन्छ । कूल उत्पादन र देशको जनसंख्याको हिसाब गर्दा हाल नेपालमा प्रति व्याक्ति प्रति वर्ष ३३ वटा अण्डा उपलब्धता छ भने यसलाई १ वर्ष भित्रमा ४८ वटा प्रति व्याक्ति पुघाई देशलाई अण्डाको क्षेत्रमा आत्मनिंभर बनाउनु एक चुनौतिपूर्ण कार्य हो । हाल नेपालमा कुल ४ करोड ८० लाख ७९ हजार भएता पनी अधिकांश कुखुराको संख्या ग्रामीण क्षेत्रमा स्थानीय नश्लका भएको र यिनीहरुको अण्डा उत्पादन औषतमा ७० देखि ८० वटा प्रति व्याक्ति प्रति वर्षमा हुने भएकोले आशातित सफलता प्राप्त गर्नका लागि शहरी क्षेत्रमा मात्र व्यावसायिक कुखुरा पालनमा ख्याती कमाएको कर्मसियल जातका कुखुरालाई ग्रामीण क्षेत्रमा पनी व्याबसायीक रुपमा पालन गरी हाल भैरहेको उत्पादनमा थप गर्न अपरीहार्य छ । नेपाल सरकारको अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किशान लक्षित ग्रामीण कुखुरा प्रबर्द्धन कार्यकमलाई व्यावस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न जारी यो कार्याविधि स्थानिय तह द्वारा संसोधन सहित स्वीकृत गरी जारी गरीएको छ ।

**प्रारम्भिक :**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रबर्द्धन कार्यकम कार्यान्वयन कार्यविधि, २०७४** रहेको छ ।

ख) यो कार्यविधि छथर जोरपाटि गाउपालिका बाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुने छ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१. "स्थानिय तह" भन्नाले छथर जोरपाटी गाउपालिका सम्भन्नु पर्ने छ ।

२.२. **"पशु सेवा शाखा"** भन्नाले छथर जोरपाटी गाउपालिका अर्न्तगत पशु सेवा शाखा सम्भन्नु पर्ने छ ।

२.३. "कार्यदल" भन्नाले स्थानिय तह द्वारा पशुसेवा शाखाको संयोजकत्वमा गठन हुने कार्यदल सम्भन्नु पर्ने छ ।

२.४. "कार्यबिधि" भन्नाले मासु र अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यकम कार्यान्वयन कार्यविधि, २०७४ सम्भन्नु पर्ने छ ।

**३. उदेश्यहरु :**

३.१. ग्रामीण कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व बृद्दि गर्ने ।

३.२. खाध्य पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा विकास गर्ने र व्यावसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।

३.३. मासु र अण्डामा आत्मनिर्भर कार्यकमलाई प्रभावकरी रुपमा कार्यन्वयन गर्ने ।

**४. साना किसान लक्षित ग्रामिण कुखुरा प्रवर्द्धन कार्यकम सञ्चालन बिधि :**

४.१. साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यकम २ वटा वडामा संचालन गरीने छ । कार्यक्रमको प्रभावकारीता एवम् सफलता अनुसार अन्य वडाहरुमा केमश कार्यकम विस्तार गर्दै लगिने छ ।

४.२. ग्रामिण कुखुरा पालन गर्ने स्थान छनौट भए पश्चात सो स्थानमा रहेको स्थानीय/उन्नत पंक्षी (हास, कुखुरा) को प्रारम्भिक तथ्यांक संकलन गरी शाखाले अभिलेख राख्नु पर्ने छ ।

४.३. कार्यकम संचालनका लागी उपयुक्त स्थानको प्रारम्भिक सर्भेक्षण, कार्यकमको सम्भाव्यता, प्राविधिक अध्ययन गरी कार्यदलले वडा छनौट गरीसके पश्चात सम्बन्धित शाखाले अनुसुची-१ अनुसारको सूचना आह्वान गर्नेछ । अनुसुचि २ अनुसारको ढाँचामा आवेदन दिनु पर्नेछ । प्राप्त आवेदनहरु अनुसुची-३ अनुसारका आधारमा समूह सदस्यहरुको छनौट गरी न्यूनतम २० जना सदस्य रहने गरी छनौट भएका वडा वा स्थानहरुमा आवश्यक बजेट अनुसारको समूह गठन गरिने छ ।

**वडा वा स्थान छनौट गर्दा विशेष तपशिलका बुदामा ध्यान दिनु पर्ने छ ।**

क) सम्बन्धित ठाउं होटल ,रेष्टुरेण्ट ,होमस्टे बाहूल्य भएको ग्रामीण क्षेत्र वा मध्यपहाडी लोक मार्ग/हुलाकी मार्ग वरिपरी रहेको स्थान ।

ख) छनौट गरीने स्थानमा बिजुली, सडक, पानी एवं अन्य पूर्वाधार बिकास भएको स्थान ।

ग) कृषक वा उधमी उन्नत कुखुरा पालन गर्न ईच्छुक भएको क्षेत्र ।

४.४. गठित समूहका सदस्यहरुलाई कुखुरा पालन सम्बन्धि आधारभूत तिन ३ दिने तालिम सम्बधित शाखाले दिने छ ।

४.५. साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम संचालनार्थ छनौट भएका समुह सदस्यहरुलाई न्यूनतम १०० गोटा लेयर्स वा गिरीराज जातको कुखुरा पालन गर्ने क्षमताको खोर तयार गरिसकेको वा कुखुरा पालन गरी आएका कृषकहरुलाई प्रति कृषक/प्रति खोर निर्माण/सुधार अनुदान रु २५,०००/- न्यूनतम २०० गोटा कुखुरा पालनलाई प्रति कृषक/प्रति खोर निर्माण/ सुधार र अनुदान रु ३५,०००/- र २०० भन्दा बढी पालकलाई प्रति कृषक/प्रति खोर निर्माण/सुधार अनुदान रु ५०,०००/- दरले उपलब्ध गराईने छ ।

४.६. समुहलाई वितरण गर्ने १ दिने चल्लालाई ब्रुडिङ्ग गरी २१ दिन सम्म हुर्काउन प्रतिस्पर्धाको आधारमा कुनै एक सदस्य वा एक भन्दा वढी इच्छुक समूह सदस्यलाई चल्ला हुर्काउने जिम्मेवरी तोकी ब्रुडिङ्ग केन्द्र स्थापना गरिने छ । सो केन्द्र स्थापनाका लागी कार्यदलबाट अनुमोदन गराई छनौट पश्चात अनुसुचि-४ अनुसारको सम्झौता गराई दिईनेछ । यसरी चल्ला हूर्काउनका लागि आवस्यक पर्ने सामाग्री, दाना, औषधि, खोप आदि अनूदानमा उपलब्ध गराईनेछ । वा कार्यदलले लक्ष अनुसारका जातका २१ दिने चल्ला प्राप्त भएमा प्रचलित वजार मुल्यमा खरिद गरी सदस्यहरु लाई वितरण गरिनेछ ।

४.७. स्थानिय तह द्वारा स्वीकृत बजेट अनुसार अनुदान उपलब्ध गराई सो अनुदान वाट खोर निर्माण पश्चात प्रती कृषक न्यूनतम ७५ गोटा २१ दिने लेयंस वा गिरीराज (Dual Purpose) जातका चल्ला शाखाले ढुवानी सहित ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने छ ।

४.८. ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको लागी आवश्यक चल्ला सभव भए सम्म सरकारी फार्महरु बाट (पशु बिकास फार्म, पोखरा र कुखुरा बिकास फार्म खजुर) खरीद गरीने छ । सो का लागी सम्बन्धित शाखाले कार्यक्रमको सुरुवातमा नै समन्वाय गर्ने छ ।

४.९. साना किसान लक्षित कुखुरा प्रवंद्धन कार्यक्रम संचालनका लागी छनौट भएका समुह सदस्यहरुलाई आधारभुत तालिम, खोप, परजीवी नियन्त्रण एवम् अन्य प्राविधिक सहयोग निशुल्क उपलब्ध गराईनेछ ।

**५. प्रस्तावहरुको स्वीकृति :**

५.१. पशु विकाश कार्यदल/मूल्यांकन समितिले अनुसुची ३ बमोजिमको ढांचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागी कृषि पशु बिकास समितिमा पेश गर्नु पर्ने छ ।

५.२. कृषि पशु बिकास समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागी अनुसुची ४ बमोजिम सम्झौता सम्बन्धित पशु सेवा शाखाले गर्ने छ ।

५.३. समुह सदस्य कृषकहरु सँग सम्झौता बमोजिमको अनुदान रकम खोर निर्माण वा सुधार कार्य सम्पन्न भए पस्चात सम्बन्धित समुह सदस्य कृषकको खातामा एक मुष्ठ अनुदान रकम जम्मा गरी दिईने छ ।

**६.अनुदान रकमको उपयोगिता :**

६.१ प्रस्तावकले पेश गरेको आफ्नो प्रस्ताव (परियोजना) मा उल्लेख भएको लागत रकमको ५० प्रतिशत वा अनुदान रकम वरावरको लगानी गर्नु पर्ने छ ।

६.२ साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रममा सहभागी प्रस्तावहरुको प्रस्ताव छनौंटको क्रममा समान अंक हुन आएमा पहिलो दर्ता भएको प्रस्तावकलाई छनौंट गरिनेछ ।

**७.आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखा, लेखाकंन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली २०६४ , सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

**८.अनुगमन ,मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि ब्यावस्था :**

यस कार्यक्रमको अनुगमन केन्द्र सरकार, विषयगत मन्त्रालय, प्रदेश सरकार, पशु सेवा विभाग,गाँउपालिका र सम्वन्धित पशु सेवा शाखाले गर्नेछ र सो को मासिक, चौमासिक,वार्षिक प्रगती, प्रतिवेदन सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

**९. कार्वाहिको व्यवस्था :**

प्रस्ताव स्वीकृत भएका समुह सदस्यहरुले आवेदन (परियोजना) र सम्झौता अनुसारको कार्यक्रम सम्पन्न नगरी प्राप्त

प्रमुख प्रशासकीय अधिकृत

अनुदानलाई दूरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारबाही गरी सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

**१०. प्रचलित कानुन लागु हुने :**

अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३, कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**११. खारेजी तथा बचाउ :**

क) नेपाल सरकार, पशु पंछि विकाश मन्त्रालय, पशु सेवा विभाग द्धारा प्ररम्भ अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३, संशोधन गरीएको छ ।

ख) अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३, बमोजिम पशु सेवा विभाग, क्षेत्रिय पशु सेवा निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयले संचालन गरी आएका सबै कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिने छ ।

**१२. कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने :**

८.१. यो कार्यबिधिको कार्यान्वयनलाई थप व्यावस्थित र प्रभाकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार थपघट , हेरफेर वा संशोधन तथा खारेज गर्न सक्ने छ ।

८.२. यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउपालिकाको बैठकले आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि-१

.....कार्यालय

अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रमको प्रस्ताव आव्हान सुचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति : .......................

यस कार्यालयको आ.व. .........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मासु र अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रमको माध्यमबाट स्वरोजगार तथा मासु र अण्डामा आत्मनिर्भर, पारिवारिक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रम अर्न्तगत खोर निर्माण तथा सुधार गरी उन्नत जातका लेयर्स वा गिरीराज जातका कुखुरा पालन गर्न खोर निर्माण सुधार अनुदान कार्यक्रम रहेको हुदा ईच्छुक छथर जोरपाटी वडा नं. ...... का स्थायि वसोवास गर्ने बेरोजगार, अर्ध बेरोजगार युवाहरुबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी कृषक तथा फार्महरुले सम्बन्धित सरकारी निकाय बाट विगत २ आर्थिक वर्ष सम्म नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेकाले समावेश हुनु पाउने छैनन । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१औं दिनको १२.०० बजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्बन्धित शाखामा राजस्व वापत रु. ३००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघी वा रितपुर्बक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशु सेवा शाखा अर्न्तगत संचालित अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मुल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्वारा सम्बन्धित कृषक तथा फार्महरुलाई पशु सेवा शाखाको स्वीकृत बजेट परिधिभित्र रही अनुदान रकम उपलब्ध गराईने ब्यहोरा जानाकारी गराइन्छ । पुनश्च: कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सुचना द्वारा सुचित गरीन्छ ।

तपसिल ।

१. अनुसूची २ (क) अनुसारको निवेदन

२. अनुसूची २ (ख) संक्षिप्त कार्ययोजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. वडा कार्यालयको सिफारीस ।

५. अन्य प्रमाणित प्रमाण पत्रहरु (फार्म दर्ता, कर चुक्ता, सम्बन्धित विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिपिहरु ।

अनुसुचि-२(क)

अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नका लागी दिईने आवेदन-पत्र को ढाँचा ।

श्री प्रमुख ज्यू,
पशु सेवा शाखा
छथरजोरपाटि गाउपालिकाको कार्यालय, धनकुटा ।

विषय : मासु र अण्डामा आत्मनिर्भर तथा पारीवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा यस गाउपालिका मिति .......... ...... गतेको ..... ..........मा प्रकाशित सूचना अनुसार मलाई उक्त अनुदान सहयोग प्राप्त गरी श्री ...... ....... ले मासु र अण्डामा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको अनुदान वाट संचालन/सुदृणीकरण गर्ने ईच्छा भएकोले निम्न कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित गाउपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सम्लग्न राखी यो निवेदन पेश गर्दछु ।

तपशिल

१. अनूसूची २ (क) अनुसारको निवेदन
२. अनूसूची २ (ख) संक्षिप्त कार्ययोजना ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३. सम्वन्धित निकायमा फार्म दर्ता भएको भए प्रमाण पत्रको प्रतिलिपी ।
४. अन्य प्रमाणित प्रमाण-पत्रहरु (सम्वन्धित विषयमा ७ दिन भन्दा माथि लिईएको तालिम ,शैक्षिक योग्यता, जग्गा भाडा संझौता) आदिका प्रतिलिपीहरु ।
५. वडा कार्यालयको सिफारीस ।
६. पर्यावरणिय असर न्यूनीकरण गर्ने उपाय र जैविक शुरक्षा सम्बन्धि विवरण ।
७. परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।

निवेदक
दस्तखत :
नाम :
पद :
फार्म/संस्थाको नाम :
ठेगाना :
मिति :
संस्थाको छाप :

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि-२(ख)

अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नका लागी कार्ययोजनाको ढाँचा ।

१. व्यावसायको परिचय :

(क) साझेदार व्यवसायिक संस्थाको नाम :

(ख) संचालकको नाम : संम्पर्क मो.नं.

(ग) ठेगाना :

(घ) नजिकको पशु सेवा को विवरण :

(ङ) सेवा प्रदायक/प्राविधिकको नाम :

(च) कुखुरा पालन व्यवसायको तालिम/अनुभव : ...... ......

(छ) व्यवसायको संभाव्यता/उपयुक्तताको विवरण : ..... ..... ..........

........................

..................

(ज) कुखुरा पालीरहेको संख्या तथ्याङ्क विवरण :

| क. सं. | संचालक सदस्यको नाम थर | कुखुराको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | स्थानिय नश्ल | उन्नत नश्ल( बोइलर/लेर्यस) | खोरको अवस्था | |
| १ | | | | | |
| | | | | | |

(झ) नजिकको अण्डा र मासु खपतहुने वजारको नाम : .........

(ञ) कुखुरा प्रर्वद्धन कार्ययोजना आर्थिक प्रस्ताव :

| क्र.सं. | संचालन गरिने कियाकलाप | संख्या | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | कुल लागत | | | | |

(ट) उप-पदार्थ उपयोग योजना : ......... .....

...... ........

(ठ) अपेक्षित वार्षिक प्रतिफल : .... ......

दस्तखत :

नाम : फार्मको छाप :

पद : मिति :

फार्मको नाम :

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि-३

अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोग कार्यक्रम संचालनका लागी छनौट गर्दा अपनाईने मुल्यांकनको आधारहरु :

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (३०) | व्यावसायको सम्भाव्यता/ उपयुक्तता (१०) | तालिम (१०) | पालिरहेको कुखुराको संख्या (१०) | कुखुराको खोरको अवस्था (१५) | वैदेशिक रोजगार बाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१५) | कुल प्राप्ताङ्ग (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

| मुल्यांकन समितिका संयोजक : | मुल्यांकन समितिका सदस्य : | मुल्यांकन समितिका सदस्य : |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

१. विषयगत तालिम - क) ७ दिने ८ अंक
ख) १५ दिन ९ अंक
ग) ३० दिने वा सो भन्दा माथि १० अंक

२. कुखुराको खोरको अवस्था - क) ५० वटा कुखुराको संख्या रहन सक्ने १३ अंक
ख) १०० वटा कुखुराको संख्या रहन सक्ने १४ अंक
ग) १५० वटा कुखुराको संख्या रहन सक्ने १५ अंक

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि-४

अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोग कार्यक्रम संचालनका लागि गरिने सम्झौता पत्रको ढाँचा

छथर जोरपाटी गाउँपालिकाको कार्यालय धनकुटा मार्फत संचालन गरिने चालु आ.व..............को स्वीकृत अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किसान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम संचालन गर्न पशु सेवा शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने ) विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ................ ...... ........................................ (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशीलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ।

**तपशिल**

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजन अनुसार २ किस्तामा/ सोझै नगद वा प्रोपईटरको बैंक खातामा जम्मा हुने गरी ड्राफ्ट, चेक वा कार्य विधि अनुसार सामाग्री अनुदान स्वरुप उपलब्ध गराउने छ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक जानाकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको अण्डा र मासुमा आत्मनिर्भर तथा पारिवारीक स्तरमा पोषण सुरक्षाको लागी साना किशान लक्षित ग्रामीण कुखुरा प्रवर्द्धन व्यवसाय कार्यक्रम संचालन गर्ने छ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्ने छ।
४. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन।
६. यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नेपाल कानुन वमोजीम हुने छ।

**पहिलो पक्ष**

गाउँपालिका/ पशु सेवा शाखाको तर्फ वाट सहि गर्ने

नाम :

पद:

दस्तखत :

मिति :

सम्पर्क फोन नं.

कार्यालयको छाप :

**दोश्रो पक्ष**

युवा उद्यमी/संस्थाको तर्फ वाट सहि गर्ने

नाम :

पद :

दस्तखत :

मिति :

सम्पर्क फोन नं.

संस्थाको छाप :

औंठाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण गर्ने

..................

श्री तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत
छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा १ नं. प्रदेश, नेपाल